नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☏०१-५७०८१००
इमेल:pmamp.piu.bhaktapur@gmail.com

सुर्यविनायक न.पा.-६, चुनदेवी, भक्तपुर

## सूचना नं.: ७

# कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/१४)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुर अन्तर्गत आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **भक्तपुर जिल्लाको मध्यपुर थिमी न.पा. २,६,७,८,९ र सूर्यविनायक न.पा.१,४,७,८,९ र १० मा** संचालित **तरकारी जोन** (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, चुनदेवी, भक्तपुरमा मिति २०७८ माघ १३ गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै इच्छुक कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | वजेट | यस कार्यालयवाट उपलब्ध हुनसक्ने अनुदान | प्रस्ताव आवेदन पेश गर्दा ध्यान दिनु पर्ने मुख्य मुख्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | तरकारी खेतिका लागि टनेल निर्माणमा सहयोग | पटक | ६ | २.४९ | कुल लागतको ५०% अनुदान (अधिकतम रु ४१.५ हजार सम्म) | खुल्ला रुपमा ३ रोपनी वा संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |
| २ | स्थानियस्तरमा नर्सरी स्थापनामा सहयोग | संख्या | २ | २.४९ | कुल लागतको ५०% अनुदान(अधिकतम रु १ लाख २४.५ हजार सम्म) | नर्सरी व्यवसायमा उद्यमशिलता हासिल गरेको र नर्सरी दर्ता गरी काम गरिरहेको संस्थाले आवेदन दिन सक्ने छ । |
| ३ | कृषकहरुलाई वजारीकरण सहयोग | पटक | १ | १.६६ | कुल लागतको ५०% अनुदान(अधिकतम रु १ लाख ६६ हजार सम्म) | खुल्ला रुपमा ३ रोपनी वा संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |
| ४ | नविनतम सिंचाइ प्रविधि (थोपा सिंचाइ) प्रदर्शन | पटक | २ | १.६६ | कुल लागतको ५०% अनुदान (अधिकतम रु ८३ हजार सम्म) | संरक्षित खेती अन्तरगत ३०० वर्ग मि. मा व्यावसायिक तरकारी खेती गरेको हुनु पर्ने । |

**<u>आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु</u>**

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन साथ परियोजना कार्यान्वयन एकाइले तयार गरेको फर्मेट अनुसारको तथ्याङ्क सम्बन्धी विवरण ।
१. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।
२. आवेदक संस्थाको बैठकको निर्णयको प्रतिलिपी।
३. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको सिफारिश पत्र ।
४. सहकारी सस्था/फर्महरुको आ.व.२०७७/०७८ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
५. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत

७. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी

८. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा लालपूर्जाको प्रतिलिपी र भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

**पुनश्च: यो सुचना प्रकाशन हुनु पुर्व यस जोनमा सुचिकृत भएका संस्थाहरुलाई मात्र जोन संचालन समन्वय समिति गठन प्रकृयामा समावेश गराईनेछ** ।साथै आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा आवेदन स्वीकृत गर्न बाध्य हुने छैन ।

**थप जानकारीको लागि:** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ, भक्तपुर, सु. न.पा.-६, चुनदेवी, भक्तपुर फोन नं.: ०१-५७०८१००, सूचना अधिकारी मोवाइल नं.:९८५११४२१३१

र यस कार्यालयको Website: piubhaktapur.pmamp.gov.np वाट जानकारी प्राप्त तथा आवेदनको ढाँचा डाउनलोड गर्न सकिने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
भक्तपुर

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत